**धरान उपमहानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फोटो तथा भिडियो प्रतियोगिता सम्बन्धी सूचना**

धरान उपमहानगरपालिकाको पर्यटन प्रवर्द्धन गर्ने उद्धेश्यकासाथ विभिन्न थिमहरुमा फोटो तथा भिडियो प्रतियोगिता हुने भएकाले प्रतियोगितामा भाग लिन इच्छुकहरुले २०७६ चैत्र मसान्त भित्र आफ्नो फोटो तथा भिडियो धरान उपमहानगरपालिकाको राजस्व पर्यटन तथा सूचना महाशाखा वा ,info@dharan.gov.np मा ईमेल गर्नु हुन अनुरोध छ। फोटो तथा भिडियोको मापदण्ड तपसिल बमोजिम हुनेछ।

## फोटोको मापदण्ड

- फोटो हालसालै खिचिएको हुनु पर्छ ।
- फोटो ईडीट गरिएको हुनु हुँदैन।
- मोवाईलले खिचेको फोटोलाई मान्यता दिईनेछैन।
- प्रतिस्पर्धामा सहभागी हुन १ एम बि साईज सम्मको उपलब्ध गराउनु पर्नेछ । छनौट भएमा HD Quality Original Size (JPEG file 6000x4000 resolution minimum 6MB size) उपलब्ध गराउनु पर्नेछ ।
- फोटोको थिम निम्न अनुसार रहेको छन् :
  १. पिण्डेश्वर मन्दिर र यसको वरीपरीको क्षेत्र ।(बढिमा १ वटा)
  २. धरान शहरको प्राकृतिक सौन्दर्य झल्कने । (बढिमा २ वटा फरक फरक )
  ३. धरानको पर्यटन प्रबर्द्धनमा योगदान पुर्याउन सक्ने उत्कृष्ट स्थलको (बढीमा ५ वटा फरक फरक)
- फोटो थिमका आधारमा प्रतिस्पर्धा गराई उत्कृष्ट फोटो छनौट गरिनेछ ।
- छनौट समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
- फोटो यस अघि पत्रपत्रीकामा प्रकाशित भएको हुनु हुँदैन ।
- मिति २०७६ चैत्र मसान्तभित्र मा आफ्नो नाम, ठेगाना र सम्पर्क नम्बर सहित फोटो उपलब्ध गराउनु पर्नेछ । म्याद पछि आएको फोटोलाई मान्यता दिईनेछैन ।
- फोटो छनौट गरिको प्रतियोगिलाई निम्न अनुसार रकम पुरस्कृत गरिनेछ ।
  - प्रथम् रु. १५०००/-
  - दोश्रो रु. १२०००/-
  - तेश्रो रु. ८०००/-
  - सान्त्वना रु. ५०००/-
- छनौट गरिएको फोटोको प्रतिलिपि अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

## भिडियोको मापदण्ड

- भिडियो हालसालै खिचिएको हुनु पर्छ ।
- भिडियोको प्रतिलिपि अधिकार प्रतियोगि स्वयमसँग हुनु पर्ने छ ।
- मोवाईलले खिचेको भिडियोलाई मान्यता दिईनेछैन।

- प्रतिस्पर्धामा सहभागी हुन 420p resolution सम्म र कम्तिमा पाँच मिनेटसम्मको उपलब्ध गराउनु पर्नेछ । छनौट भएमा Full HD Quality (1080p resolution) र कम्तिमा ३० fps (frames per second) को उपलब्ध गराउनु पर्नेछ ।
- भिडियोमा थिम निम्न अनुसार रहेको छन् :

  १. धर्म

  २. संस्कृति

  ३. प्रकृति

  ४. खेलकुद

  *(भिडियोले धरानलाई प्रतिनिधित्व गर्नु पर्ने छ।)*
- भिडियो थिमका आधारमा प्रतिस्पर्धा गराई उत्कृष्ट भिडियो छनौट गरिनेछ ।
- छनौट समितिले गरेको निर्णय अन्तिम हुनेछ ।
- भिडियो युट्युब वा अन्य कुनै सामाजिक सञ्जालमामा प्रकाशित भएको हुनु हुँदैन ।
- मिति २०७६ चैत्र मसान्तभित्रमा आफ्नो नाम, ठेगाना र सम्पर्क नम्बर सहित भिडियो उपलब्ध गराउनु पर्नेछ । म्याद पछि आएको भिडियोलाई मान्यता दिईनेछैन ।
- भिडियो छनौट गरिको प्रतियोगिलाई निम्न अनुसार रकम पुरस्कृत गरिनेछ ।
  - प्रथम् रु. १५०००/-
  - दोश्रो रु. १२०००/-
  - तेश्रो रु. ८०००/-
  - सान्त्वना रु. ५०००/-
- छनौट गरिएको भिडियोको प्रतिलिपि अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।